'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ११८ मंगलवार ०९ पुष, २०८१ 24 (Tuesday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### कर्णाली प्रदेश सरकारको बजेट कार्यान्वयन कछुवा गतिमा

# १८ अर्ब पुँजीगत बजेटमध्ये पाँच महिनामा १ अर्ब मात्र पूँजीगत खर्च

नमस्ते समचारदाता

सुर्खेत, पुष/०८



चालु आर्थिक वर्षको पाँच महिना बित्दा कर्णाली प्रदेश सरकारको विकास बजेट बल्ल एक अर्ब नाघेको छ। चालु आर्थिक वर्षका लागि पुँजीगत अर्थात् विकास बजेटतर्फ प्रदेश सरकारले १८ अर्ब ७५ करोड ५१ लाख ६८ हजार रुपैयाँ विनियोजन गरेको थियो । मंसीर मसान्तसम्म प्रदेश सरकारको पुँजीगत खर्च १ अर्ब ४ करोड ४२ लाख ५३ हजार ९९९ रुपैयाँ पुगेको छ । जस अन्तर्गत मंसीर महिनामा १४ करोड १० लाख ५१ हजार ६ रुपैयाँ कार्यान्वयन भएको हो । कार्तिक मसान्तसम्म प्रदेश सरकारले ९० करोड ३२ लाख २ हजार ९९३ रुपैयाँ विकास बजेट कार्यान्वयन गरेको थियो । प्रदेश सरकारसँग १७ अर्ब ७१ करोड ९ लाख १४ हजार रुपैयाँ बराबर पुँजीगत बजेट मौज्दात छ। प्रदेश सरकारले चालु आर्थिक वर्षमा विकास बजेट कम्तीमा ८० प्रतिशत खर्च गर्ने लक्ष्य राखेको छ। हाल सम्मको कार्यान्वयनको अवस्था हेर्दा सरकारले लक्ष्य पुरा गर्न सक्ने कुरामा आशंका देखिन्छ। प्रदेश लेखा नियन्त्रकको कार्यालयका अनुसार मंसीर मसान्तसम्मको विकास बजेट कार्यान्वयनको अवस्था गत वर्षको भन्दा थोरै सुधार हो। गत वर्ष यो अवधिसम्म ९६ करोड रकममात्रै कार्यान्वयन भएको थियो। सबैभन्दा बढी अर्थात् १० अर्ब १७ करोड ८२ लाख २४ हजार रुपैयाँ विकास बजेट रहेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले मंसीर मसान्तसम्म अर्थात् ५ महिनाको अवधिमा जम्मा ५५ करोड ५० लाख ५२ हजार ९३५ रुपैयाँ मात्रै कार्यान्वयन गर्न सकेको छ। २ अर्ब ६० करोड ९० लाख ३ हजार रुपैयाँ वार्षिक विकास बजेट रहेको जलस्रोत तथा ऊर्जा मन्त्रालयले यो अवधिसम्म ९ करोड ६४ लाख २१ हजार रुपैयाँ कार्यान्वयन गरेको छ भने २ अर्ब ७२ करोड ७८ लाख बराबरको पुँजीगत बजेट रहेको सामाजिक विकास मन्त्रालयले ३२ करोड ५३ लाख ९४ हजार रुपैयाँ कार्यान्वयन गरेको छ। ४९ करोड ५१ लाख ५० हजार बजेट रहेको भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १ करोड ७० लाख ८० हजार, १ अर्ब ११ करोडभन्दा बढी वार्षिक बजेट रहेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ३ करोड ४३ लाख ६९ हजार रुपैयाँ समीक्षा अवधिमा कार्यान्वयन गरेको प्रदेश लेखा नियन्त्रकको कार्यालयका सूचना अधिकारी ललित थापाले जानकारी दिएका छन् । थापाका अनुसार ६ करोड ५ लाख ३८ हजार पुँजीगत बजेट रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पाँच महिनामा ३६ लाख ५४ हजार ८१४ रुपैयाँ मात्रै कार्यान्वयन गरेको छ। १ करोड ३१ लाख ४९ हजार रुपैयाँ पुँजीगत बजेट रहेको अर्थ मन्त्रालयले समीक्षा अवधिमा ८३ लाख ९९ हजार रुपैयाँ कार्यान्वयन गरेको छ। प्रदेश सरकारका दुई निकायले ५ महिना बितिसक्दा समेत एक रुपैयाँ पनि पुँजीगत बजेट कार्यान्वयन गरेको देखिँदैन । त्यस्ता निकायमा प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय रहेका छन् । यी दुई निकायलाई यो वर्ष क्रमशः २० लाख र ५ लाख पुँजीगत बजेट विनियोजन गरिएको छ। प्रदेशको कानुन मन्त्रालयले पनि भएको पुँजीगत बजेट कार्यान्वयनमा ध्यान दिइरहेको छैन।

बाँकी ३ पेजमा...

# भेरी अस्पतालमा मृगौला प्रत्यारोपण सेवा सञ्चालन हुने

नमस्ते समचारदाता

नेपालगन्ज, पुष/०८



पश्चिम नेपालका २४ जिल्लाका बिरामीको उपचार गर्दै आएको भेरी अस्पताल नेपालगन्जमा मिर्गौला प्रत्यारोपण सेवा सुरु गरिने भएको छ। सो सेवा सुरु गर्नका लागि सहीद धर्मभक्त प्रत्यारोपण केन्द्र भक्तपुर र भेरी अस्पताल नेपालगन्ज बिच सोमवार नेपालगन्जमा स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलको उपस्थितिमा सम्झौता भएको छ । सहीद धर्मभक्त प्रत्यारोपण केन्द्र भक्तपुरका निर्देशक डा.पुकार चन्द्र श्रेष्ठ र भेरी अस्पताल नेपालगन्जका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा.निराजन सुवेदी बिच मिर्गौला प्रत्यारोपण सेवा सञ्चालनका लागि सम्झौता पत्रमा हस्ताक्षर भएर पत्र आदानप्रदान गरिएको हो । सातै प्रदेशमा मिर्गौला प्रत्यारोपण सेवा सुरु गर्ने सरकारको योजना रहेको जनाउँदै स्वास्थ्य तथा जनसंख्या मन्त्री पौडेलले सोही अनुसार भेरी अस्पतालमा पनि सुरु गर्न लागिएको जानकारी गराएका हुन । मन्त्री पौडेलले भने, 'यो सेवा यहाँ सुरु गरिएपछि यस क्षेत्रका मृगौलाका बिरामी र अन्य बिरामीले पनि ठुलो राहात पाउने हामीले विश्वास लिएका छौं । छिटो भन्दा छिटो यसको तयारीमा लाग्न म सम्बन्धीत पक्षहरुलाई आग्रह पनि गर्दछु ।' भेरी अस्पतालमा मिर्गौला प्रत्यारोपण र डायलासिस सेवा संचालनका लागि धर्मभक्त प्रत्यारोपण केन्द्रले जनशक्तिदेखि प्राविधिक सहयोग गर्ने प्रत्यारोपण केन्द्रका निर्देशक डा.श्रेष्ठले बताए। सकेसम्म एक महिनाभित्रै मिर्गौला प्रत्यारोपण सेवा भेरीबाट दिन सकिने उनले बताए । निर्देशक श्रेष्ठले मिर्गौला प्रत्यारोपण सेवा विस्तारका लागि भेरी अस्पतालमा जनशक्ती रहेको र अभाव भएका जनशक्तिहरु धर्मभक्त प्रत्यारोपण केन्द्रले काजमा व्यवस्थापन गरिसकेको जानकारी दिए । भेरी अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डन्ट डा. निराजन सुवेदीले भेरी अस्पतालमा विशिष्टिकृत सेवा विस्तार गर्दै लैजानेक्रममा मानव अंग प्रत्यारोपण सेवा पनि विस्तार गर्न लागिएको बताए । उनले अंग प्रत्यारोपण र डायलासिस सेवा विस्तारका लागि आवश्यक पर्ने कानुनी जटिलता तथा सहजीकरणका लागि छिट्टै पहल गरिने पनि जानकारी गराएका छन् ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्रान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७८०८५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
namastekarnali2068@gmail.com
namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# लुम्बिनी प्रदेश खेलकुद परिषदका सदस्यहरुलाई शपथ

नमस्ते समचारदाता

दाङ, पुष/०८




लुम्बिनी प्रदेशका मुख्यमन्त्री तथा प्रदेश खेलकुद परिषद्का अध्यक्ष चेतनारायण आचार्यले प्रदेश खेलकुद परिषद्का नव नियुक्त सदस्यहरुलाई पद तथा गोपनियताको शपथ ग्रहण गराएका छन् । सोमवार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा सम्पन्न परिषद्को पूर्ण बैठकमा नव नियुक्त सदस्यहरुलाई शपथ ग्रहण गराएका हुन । खेलकुद परिषदका सदस्यहरु लेखनाथ खनाल, बलबहादुर केसी, मुक्तिप्रसाद न्यौपाने, गोपिकृष्ण शर्मा, हरिबहादुर थापा, लालबहादुर घर्तीमगर, महेश काउछा, राजु महर्जन, कोशिष बहादुर खड्का, विकास घिमिरे, दिपेन्द्रकुमार डाँगी, जंगबहादुर मल्ल, कैलाशकुमार रोका, कपना आचार्य, दिपक खनाल, प्रकाश आर रानाले शपथ ग्रहण गरेका छन् । यस्तै सपथ लगत्तै बसेको बैठकले ४ वटा कार्यविधि र एउटा निर्देशिका पारित गरेको खेलकुद परिषद्का सदस्य सचिव तिरणराज गौतमले जानकारी दिए । 'प्रदेश खेलकुद परिषदले पूर्णता पाएको छ । नव नियुक्त सदस्यहरुको शपथ भएको छ' उनले भने,'बैठकले कार्यविधि र निर्देशिका पारित समेत गरेको छ।'

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## दश वर्षे जनयुद्धको विरासत

नेकपा (माओवादी) ले वि.सं.२०५२ फागुन १ गते सशस्त्र सङ्घर्षका माध्यमबाट नौलो जनवादी क्रान्ति सम्पन्न गरी श्रमजीवी वर्गको राज्यसत्ता स्थापना गर्ने उद्देश्यले दीर्घकालीन जनयुद्धको थालनी गरेको थियो । महान् जनयुद्ध ठुल्ठुला फौजी आक्रमण, आधार इलाका तथा जनसरकारहरू घोषणा, बाह्रबुँदे सम्झौता, १९ दिने जनआन्दोलन हुँदै २०६३ मङ्सिर ५ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'का बिचमा विस्तृत शान्ति सम्झौता भई टुङ्गिएको थियो । यसरी नेकपा (माओवादी) को नेतृत्वमा भएको सशस्त्र सङ्घर्षको अवधिलाई आम नेपाली जनता र विश्व समुदायले दशवर्षे जनयुद्धका नामले चित्रित गर्ने गरेका छन् । यो शब्द कसैले हटा भनेर आम नेपाली र विश्व समुदायको जनजिब्रोबाट हट्न सक्दैन । नेपाली कम्युनिस्ट आन्दोलनको ७५ वर्षको लामो इतिहास विभिन्न खाले आरोह–अवरोह र आरोप–प्रत्यारोपबाट गुज्रिँदै अगाडि बढेको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा विभिन्न उतारचढाव भए पनि सबैभन्दा ठुलो परिघटना नेकपा (माओवादी)ले गरेको दशवर्षे जनयुद्ध नै हो । सदियौँदेखि जकडिएर रहेको सामन्ती राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना, संघीयता, समावेशिता, धर्मनिरपेक्षता लगायत तमाम परिवर्तन उत्पीडित वर्ग, समुदायको अपार साथ र सहयोगमा भएको महान् जनयुद्धको जगमा उभिएको छ । जनयुद्धका जगमा स्थापित अधिकार र उपलब्धिहरू राष्ट्रका साझा सम्पत्ति हुन् । ऐतिहासिक रूपमा जनयुद्ध प्रचण्डको नेतृत्वमा नेकपा (माओवादी) ले गरेको भए पनि यसबाट स्थापित पहिचान, अधिकार, मुक्ति, न्याय, समानता र स्वतन्त्रता जस्ता प्राप्त उपलब्धि सम्पूर्ण परिवर्तनकामी नेपालीका साझा मुद्दा हुन् । तत्कालीन राजा वीरेन्द्रको वंश विनाशपछि बनेका राजा ज्ञानेन्द्रले २०५९ माघ १९ गते सम्पूर्ण कार्यकारी अधिकार आफ्नो हातमा लिई 'कु' गरेपछि युद्धरत माओवादी शान्ति प्रक्रियामा आउने र माओवादीले उठाएका एजेन्डामा कांग्रेस, एमाले लगायत सात दल आउने परिस्थिति सिर्जना भएको कुरा दिउँसोको घाम जत्तिकै छर्लंग छ । त्यस कारण मूलभूत रूपमा माओवादीको दशवर्षे जनयुद्धले उठाएका एजेन्डाका आधारमा संविधानसभाबाट जनताका प्रतिनिधिद्वारा व्यवस्था परिवर्तन, संविधान निर्माण, संघीयता, समानुपातिक प्रणाली, धर्मनिरपेक्षेता, महिला, दलित, मधेसी, आदिवासी, जनजाति, थारु, अल्पसंख्यक, राज्यद्वारा पछाडि पारिएको भूगोलमा बसोबास गर्ने समुदायमा उच्च राजनीतिक जागरणसहित पहिचान र अधिकार स्थापित भएको हो ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# एनपिएलले उघारेको सपना



डा. शोभाकर पराजुली



देशको खेल इतिहासमै पहिलोपटक भएको नेपाल क्रिकेट लिग (एनपिएल) को भव्यताले आम खेल क्षेत्रमा एक प्रकारको उत्साह र उमङ्ग छाएको छ । यो नेपालको सबैभन्दा धेरै धनराशि लगानी गरिएको पहिलो घरेलु प्रतियोगिता हो । यसले देशीय मात्रै नभई अन्तर्राष्ट्रियरुपमा पनि चर्चा बटुल्न सफल भयो । यसले नेपाली खेल र खेलाडीको अन्तर्राष्ट्रिय परिचय उचाइमा पुर्याएको मात्रै छैन, बरु खेल क्षेत्रको विकासमा नयाँ आयाम पनि थपिदिएको छ । जसरी नेपाली खेलाडीको अन्तर्राष्ट्रिय परिचय उँचो भएको छ, त्यो भन्दा अग्लो नेपाली क्रिकेटको परिचय अन्तर्राष्ट्रियस्तरका खेलाडीहरूले पनि बनाइदिएका छन् । एनपिएलमा सहभागी आठ फ्रेन्चाइज समूहका लागि विभिन्न देशबाट आएका दर्जन बढी अन्तर्राष्ट्रिय खेलाडीले नेपाल र नेपाली खेलकुदलाई विश्व मञ्चमा पहिचान पुऱ्याउन सहयोग पुगेको छ । विदेशी खेलाडी नेपालको घरेलु प्रतियोगितामा भाग लिन आउँदा नेपाली खेलाडीमा उत्साह मात्रै सञ्चार भएको छैन, बरु उनीहरूले नेपालको प्राकृतिक र नेपाली भूगोलको समेत परिचय विश्वमाझ पुऱ्याएका छन् । यसरी हेर्दा क्रिकेटको यो घरेलु महाकुम्भले खेलमात्रै नभएर आर्थिक, सामाजिक र पर्टकीय हिसाबले पनि देशलाई निकै फाइदा पुगेको छ र सँगसँगै क्रिकेटको यो महामेलाले खेलको मनोरञ्जन मात्रै नभएर देशको अर्थतन्त्रलाई एउटा दिगो दिशा पनि दिएको छ । यो सँगै एनपिएलएले सामाजिक एकता तथा साम्प्रदायिक सद्भावको सुगन्ध पनि छरेको छ । नेपालमा धेरै प्रकारका खेलहरू छन् । ती सबका आआफ्ना महत्व, मान्यता र इतिहास छन् । तिनले हाम्रो समाजलाई भावना र आत्मीयरुपमा पनि जोडिआएका छन् । कुनै कुनै खेलहरू यस्ता पनि छन्, जसले समुदायको पहिचान बोकेका हुन्छन्, इतिहास बोकेका हुन्छन् । ती आफैँमा हाम्रा समाजिक र सांस्कृतिक पहिचान पनि बनेका छन् । कतिपय खेलले नेपाललाई अन्तर्राष्ट्रियरुपमा चिनाइरहेका छन् । त्यस्तै पछिल्लो समय नेपाललाई चिनाउने एउटा आयाम बनेको छ, क्रिकेट पनि । क्रिकेटको विश्व इतिहास सदियौं लामो छ । १६ औं शताब्दीको शुरुआतातिर बाहिर खेलिन थालेको यो खेल नेपालमा भने १९औं शताब्दीतिरमात्रै शुरुआत भएको देखिन्छ । त्यो बेलाको राजनीतिक र सामाजिक व्यवस्था अनि अवस्थाका कारण यो खेल कुनै बेला दरबारका पर्खालभित्र मात्रै सीमित थियो । अर्थात् शासकहरूले आफ्नो परिवारको मनोरञ्जनका लागि मात्रै यो खेल खेल्न शुरु गरेका थिए । शासकीय दायराबाट विस्तारै गल्ली र मैदानसम्म आइपुगेको क्रिकेटले अहिले चौतर्फी उत्साह थपिरहेको छ । साँघुरा गल्ली, खेलबारी र अप्ठ्यारा मैदानबाट उठेर नेपाली क्रिकेट अहिले विश्वस्तरीय प्रतिस्पर्धासम्म पुगिसकेको इतिहास छ । यो खेलको साँघुरो इतिहास अहिले यो निकै विराट भइसकेको छ र अझ उज्यालो भविष्यको यात्रामा अघि बढिरहेको छ । १६ औं शताब्दीतिर युरोपबाट सुरु भएको यो खेल अब विश्वभरि फैलिइसकेको छ । र, यो खेल अब मात्रै मनोरञ्जनका लागि मात्रै रहेन, बरु क्रिकेट अब कैयौ राष्ट्रका लागि अर्थतन्त्रको एउटा हिस्सा बनिसकेको छ । नेपालमा कुनै बेला बेलायततिरको सिको गरेर राणाहरूले आफ्ना सन्तान र परिवारबीच मनोरञ्जनका लागि पर्खालभित्र शुरु गरेको क्रिकेट अहिले हरेक नयाँ जन्मिने बालकको सपना बनिसकेको छ । त्यसैमा उनीहरूले भविष्य देखिरहेका छन् र खोजिरहेका छन् । नेपालमा राणा शासनकालदेखि नै क्रिकेटको शुरुआत भएको देखिन्छ । २००४ सालमै नेपालमा क्रिकेट सङ्घ गठन भएको थियो तर त्यसले २०५२ सालमा आएर मात्रै अन्तर्राष्ट्रिय क्रिकेट सङ्घबाट मान्यता पायो । यद्यपि, दरबारका पर्खाल नाघेर आम नागरिकस्तरमा क्रिकेट खेल २००६ सालदेखि नै खेल्न शुरु भएको इतिहासहरू भेटिन्छन् । सुधार र आधुनिकतातिर झुकाव राख्ने कतिपय राणा शासकहरूले जनस्तरमै त्यो बेलादेखि क्रिकेट खेलाउन शुरु गरेका थिए । १९१९तिर दरबार हाइस्कुलमा क्रिकेट खेलाइएको थियो तर खुल्लारुपमा २०३७ सालतिर मात्रै राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता आयोजना भयो । यस प्रतियोगितामा अञ्चलस्तरीय समूहहरू सहभागी भएका थिए । त्यसपछि विस्तारै गति लिन थालेको क्रिकेटले २०४६ साल तथा २०६३ सालपछि व्यावसायिकरुपमा पनि गति लिन थाल्यो । यसरी शासकको दरबारिया पर्खाल अनि साँघुरा गल्ली र घाँसे मैदानहरू हुँदै अहिले नेपाली क्रिकेट अब अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको छ । नेपाल अब एकदिवसीय क्रिकेटको मान्यता प्राप्त राष्ट्र मात्रै होइन, विश्वकपको प्रतिस्पर्धासम्म पुगिसकेको देश बन्न सफल भएको छ । पुरुष क्रिकेट मात्रै नभएर नेपालको महिला क्रिकेट पनि अहिले विश्वस्तरीय प्रतिष्पर्धामा भाग लिनसक्ने भइसकेको छ । खासगरी अहिले क्रिकेट खेल एशियाली राष्ट्रहरूको एउटा ढुकढुकीका रुपमा स्थापित भइरहेको छ । छिमेकी भारतमा त यो खेल हरेक नागरिकको आस्थाजस्तै बनिसकेको छ । यहाँ क्रिकेटलाई मनोरञ्जन, आर्थिकोपार्जन अनि व्यवसाय मात्रै होइन, यसलाई त धेरै भारतीयले आफ्नो राष्ट्रियताको मानकसमेत बनाइसकेका छन् । अर्थतन्त्रका हिसाबले हेर्ने हो भने त विश्व क्रिकेटको आधाभन्दा बढी हिस्सा भारतकै देखिन्छ । यसमा लगानी गर्नेहरूको तँछाडमछाँड मात्रै होइन, त्यसले गर्दा धेरै खेलाडीको जीवनस्तर पनि उकासिएको छ । अहिले भारतमा ससाना प्रतियोगिताहरू मात्रै होइन, टोलटोलका क्रिकेट खेलाडीहरूको समेत प्रमुख आर्थिक र जीवनको आधार यही खेल बनेको छ र विस्तारै नेपालमा पनि अब हरेक खेलाडीले क्रिकेट खेलेरै जीवन धान्ने आधारहरू तयार भइरहेका छन् । भर्खरै सम्पन्न एनपिएलको पहिलो संस्करण त्यसकै एउटा जीवन्त उदाहरण हो । एनपिएलको पहिलो संस्करणमै देखिएको लगानीको उत्साहले नेपालको अर्थतन्त्रलाई चलायमान बनाएको छ । यसको शुरुआती भव्यताले एकातिर क्रिकेटमाथि लगानी सम्भावनाका ढोकाहरू खुलेका छन् भने यसबाट अरु व्यापार व्यवसायमा पनि फाइदा नै पुगेको छ । नयाँ पुस्ताका खेलाडीहरूलाई आकर्षित गर्न मदत गरेको छ भने स्थापित खेलाडीहरूलाई पनि अब भविष्यका लागि देशै छोड्नुपर्ने बाध्यता हट्दैछ भन्ने सन्देश दिएको छ । खेल खेलेरै नेपालमा पनि आरामदायी जीवन बाँच्न सकिन्छ भन्ने एनपिएलले छोडेको छ । हरेक खेल जति व्यक्ति वा उसको व्यक्तिगत स्वास्थ्य तथा मनोरञ्जनका लागि आवश्यक छ, त्यत्तिकै राष्ट्र र राष्ट्रियताका लागि पनि खेलक्षेत्र सबल हुन जरुरी छ । तर हाम्रो राज्यको नीतिगत तहमै खेल क्षेत्रलाई उतिसारो प्राथमिकता दिएको देखिँदैन । त्यसमा पनि खेल अनि खेलाडीको वृत्तिविकासका लागि गठन भएका सङ्घसंस्थाहरूमै राजनीति घुस्दा अझ तहसनहस हुँदै गइरहेको अवस्था छ । टोलका गल्लीहरू हुँदै अन्तर्राष्ट्रिय मैदानसम्म पुगिसकेको नेपाली क्रिकेटको अवस्था पनि त्यो भन्दा फरक छैन । क्रिकेटमात्रै होइन, अहिलेसम्म जति पनि खेलमा नेपालको नाम गाँसिएको छ, त्यो सब मात्रै खेलाडीको आफ्नो मेहनत र परिश्रमबाट मात्रै सम्भव भएको देखिन्छ । राज्यले न खेल क्षेत्रमा लगानी गरेको छ न खेलाडीलाई प्रोत्साहन गर्न सकेको छ । अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको क्रिकेटको हकमा पनि राज्यको यही र यस्तै उदासिनता छ । अहिले सम्म नेपालमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको क्रिकेट मैदानसमेत छैन । अन्तर्राष्ट्रिय क्रिकेट संघको आधिकारिक मान्यता पाइसकेपछि २०५५ सालमा नेपालले पहिलो पटक अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिताको आयोजना गर्ने मौका पाएको थियो । त्यही मौकामा कीर्तिपुर र पुल्चोकमा क्रिकेट मैदानहरू बनेका थिए । यद्यपि, पहिलोपल्ट भएको त्यो अन्तर्राष्ट्रियस्तरको एसिसी ट्रफीमा नेपाल सबै खेलहरूमा पराजित भयो । तथापि, त्यसबाट नेपालमा क्रिकेटको व्यावसायिक यात्राको शुरुआत भएको मानिन्छ । त्यो बेला बनेको क्रिकेट मैदान नेपालमा ठूला प्रतियोगिताहरू खेल्ने र खेलाउने एकमात्रै रङ्गशाला हो । यति हुँदासम्म पनि राज्यले रंगशालालगायत खेल क्षेत्रको भौतिक बिकासमा खासै उदार भएको देखिँदैन । ठाउँठाउँमा मैदानहरू बन्न शुरु भए पनि राज्यले त्यसको अपनत्व नलिँदा ती लथिलिङ्ग अवस्थामा छन् । खेल क्षेत्रको यो भौतिक दूरावस्थासँगै कैयौं खेलाडीको पनि त्यस्तै अवस्था छ । एनपिएलकै बेला थाहा भयो विश्वभरि थुप्रै त्यस्ता राम्रा नेपाली खेलाडीहरू पनि छन् । यही प्रतियोगिता खेल्नका लागि विश्वका ठूल्ठूला क्लबहरूमा खेल्ने नेपाली मूलका खेलाडीहरू पनि एनपिएलमा सहभागी भए । उनीहरूलाई नेपालमै बस्ने वातावरण बनाउनु राज्यको दायित्व हो । त्यस्तै मैदानहरूको अन्तर्राष्ट्रिय मापदण्डअनुसारको स्तरोन्नतिले अरु पनि थुप्रै अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरू यहाँ खेलाउन सकिन्छ भन्ने सन्देश पनि एनपिएलले छोडेको छ । एनपिएलको पहिलो संस्करणमा खेलाडी, खेल क्षेत्र वा आर्थिक तथा सामाजिक क्षेत्रमा जुनखालको उत्साह, उमङ्ग र गतिशीलता देखिएको छ त्यसलाई राज्यले अवसरका रुपमा लिनुपर्छ । सबैभन्दा पहिला खेल क्षेत्रमा झाँगिएको राजनीतिको अन्त्य हुनुपर्छ । अनि राज्यले नीतिगत तहमै खेल क्षेत्रको भौतिक विकास र खेलाडीको व्यक्तिगत जीवनका लागि निर्णायक भूमिका खेल्नुपर्छ । *–गोरखापत्र*

# ‘सिकलसेलका बिरामीलाई निशुल्क औषधी उपलब्ध गराउने’

नमस्ते समचारदाता
नेपालगन्ज, पुष/०८



नेपाल सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सिकलसेल एनिमियाका सबै बिरामीलाई निशुल्क औषधी र स्तरीय उपचारको व्यवस्था सरकारले गर्ने बताउनुभएको छ । बाँके, बर्दिया लगायत पश्चिम नेपालका सिकलसेल एनिमियाका बिरामीहरुको उपचारका लागि भेरी अस्पतालमा स्थापना गरिएको छुट्टै वार्ड र अस्पतालको अत्याधुनिक अपरेसन थियटरको सोमवार उदघाटन गर्दै मन्त्री पौडेलले सो बताउनुभयो । उहाँले सिकलसेल र थालेसेमिया रोगका बिरामीको उपचारमा सरकारले कुनै पनि कमी हुन नदिने प्रतिवद्धता व्यक्त गर्दै सोही उदेश्यका साथ विभिन्न अस्पतालहरुमा छुट्टै वार्डको व्यवस्था गरिरहेको बताउनुभयो । सिकलसेलका बिरामीका लागि भारत सरकारले उत्पादन गरेको औषधी सहयोग माग गरिएकोमा भारतले औषधी दिने सहमति जनाएपछि सबै प्रक्रिया पुरा भएर केही समयभित्रै औषधी आउन थालेको जनाउँदै मन्त्री पौडेलले अब औषधीको समस्या नहुने बताउनुभयो । उहाँले थप्नुभयो, ‘सिकलसेल रोगको उपचाका लागि वार्ड स्थापना गरिएका सबै अस्पतालमा सिकलसेलको औषधी पठाइनेछ, त्यहीबाट बिरामीलाई आवश्यकता अनुसार वितरण गरिनेछ ।’ मन्त्री पौडेलले सरकारले एकातिर बिरामीको उपचारका लागि बिभिन्न कामहरु गरिरहने जनाउँदै अर्कोतिर सो रोग लाग्नै नदिन तथा रोगबाट जोगिन विभिन्न चेतनामूलक कार्यक्रमहरु पनि नियमित सञ्चालन गर्नु पर्ने आवश्यकता औंल्याउनुभयो । बीमालाई व्यवस्थित गर्ने काम पनि सरकारले गरिरहेको उल्लेख गर्दै उहाँले बीमालाई योदगानमा आधारित बनाउन लागिएको बताउनुभयो । सिकलसेलका बिरामीका लागि छुट्टै वार्ड स्थापना गरिएपछि अब बिरामीले बेड नपाउने समस्या समाधान भएको जनाउँदै बारबर्दियाका बिरामी दिपक थारुले अब औषधीलाई बीमाभित्र पार्नुपर्ने माग गर्नुभयो । सो अवसरमा सिकलसेल वार्डको निरिक्षण गर्दै मन्त्री पौडेलले बिरामीहरुसँग पनि उपचार र अन्य समस्याका बारेमा जानकारी लिनुभयो । कार्यक्रममा भेरी अस्पतालका प्रमुख डा. निराजन सुवेदी, सिकलसेन एनिमियाको उपचारमा लामो समयदेखि संलग्न वरिष्ठ चिकित्सक डा. राजन पाण्डे, सिकलसेल सोसाइटी नेपालका अध्यक्ष प्रभुराम थारु लगायतले सिकलेलको अवस्था, उपचार र समस्या समाधानको उपाय बारे आ आफ्नो धारणा राख्नु भएको थियो । भेरी अस्पताल विकास समितिका अध्यक्ष बिरेन्द्र बहादुर शाह, सदस्य डा. डक्ट प्रसाद धिताल र अस्पतालका प्रमुख नरसिंग प्रशासक दुर्गा लक्ष्मी श्रेष्ठले अस्पतालमा जनशक्ति थप्नु पर्ने तथा बीमाको रकम तत्काल पठाउन लगाउनु पर्नेमा मन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

# लुम्बिनी कपमा संघसँगको सहकार्य

नमस्ते समचारदाता
नेपालगन्ज, पुष/०८

नेपालगन्जमा हुन लागेको लुम्बिनी कप महिला फुटबल प्रतियोगितामा बाँके जिल्ला फुटबल सङ्घले सहकार्य गर्ने भएको छ । बाँके जिल्ला फुटबल सङ्घको बैठकले नेपालगन्ज रङ्गशालामा हुन लागेको लुम्बिनी कप महिला फुटबल प्रतियोगितामा सहकार्य गर्ने निर्णय गरेको हो । अन्तरालको आयोजनामा फागुनमा लुम्बिनी कप महिला फुटबल प्रतियोगिता हुँदैछ । बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष एवम् अखिल नेपाल फुटबल सङ्घका केन्द्रीय सदस्य भोजराज शाहीले महिला फुटबलको विकासमा प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने भएकोले सहकार्य गरेको बताउनुभयो । उहाँले भन्नुभयो,“हामी निकै खुसी छौं । फुटबल भनेको सामूहिक भावनाबाट खेल्ने गरिन्छ । फुटबलको विकासमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ । नेपालगन्जमा अन्तरालले गर्ने प्रतियोगिताले यहाँको फुटबल लोकप्रियता र खेलाडी उत्पादनमा सहयोग गर्ने भएकोले सहकार्य गर्ने निर्णय गरेका हौं ।” नेपालगन्जमा हुन लागेको लुम्बिनी कप महिला फुटबल पश्चिम नेपालकै ठूलो प्रतियोगिता हो । यसअघि प्रतियोगिताको लोगो सार्वजनिक भैसकेको छ । नेपाली राष्ट्रिय महिला फुटबल टिमको पहिलो कप्तान रमा सिंह र वर्तमान कप्तान एन्जिला तुम्बाप्पो सुब्बाले संयुक्त रुपमा लुम्बिनी कपको लोगो सार्वजनिक गर्नुभएको थियो । फागुनको अन्तिम साता हुने लुम्बिनी कपमा नेपाल र भारतका आठ टिमको सहभागिता रहने अनुमान गरिएको छ । आयोजक अन्तरालका प्रमुख कार्यकारी जयनारायण शाहले बाँके जिल्ला फुटबल सङ्घसँगको सहकार्यले प्रतियोगितालाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “बाँके जिल्ला फुटबल सङ्घ फुटबल खेलाडी र फुटबलकर्मीको अभिभावक हो । सङ्घको सहकार्यले हामीलाई थप उत्साही बनाएको छ । यो सहकार्यले प्रतियोगिताको स्तरलाई बढाउन सहयोग गर्नेछ ।” प्रतियोगितालाई प्रभावकारी बनाउन अन्य तयारीहरु तीव्र गतिमा अगाडि बढिरहेको शाहले बताउनुभयो ।

# बोक्सीको आरोपमा निर्घात कुटिएकी महिला आइसीयूमा

नमस्ते समचारदाता
कैलाली, पुष/०८



गाउँलेहरूले बोक्सीको आरोपमा निर्घात कुटपिट गरेपछि कैलालीको भजनीकी एक महिला गम्भीर घाइते भएकी छिन् । आइसीयूमा उनको उपचार चलिरहेको छ । ३० वर्षीया पूजालाई गाउँले मिलेर बोक्सी भन्दै कुटपिट गरेका हुन् । उनीहरूले पुस ४ गते दिउँसो ३ बजे घरबाट तानेर लगी कुटपिट गरेको उनकी आमा सरस्वती बताइन । सरस्वतीले भनिन, ‘गाउँकै बडघर, भलमन्सा र गुरुवाको आदेशमा सबै मिलेर बोक्सी भन्दै कुटे । यसअघि पनि बोक्सी भनेर कुटपिट गरेका थिए । त्यति वेला सहेर बसेकी थिइ । बोक्सी भनेर कुटपिट गरेको यो चौथो पटक हो । पहिले त अलिअलि कुटपिट गर्थे । यस पटक मर्ने गरी कुटे ।’ सरस्वतीका अनुसार गाउँलेहरू पुस १ गते राति पूजाको घरमा आएका थिए । राति ८ बजे आएका गाउँलेले उनलाई घरमै कुटपिट गरेका थिए । ‘गाउँलेले ‘म बोक्सी हुँ, गल्ती गरें, माफ गर’ भन्न लगाएका थिए,’ सरस्वती भन्छिन्, ‘छोरीले ‘म बोक्सी होइन, किन माफी माग्ने’ भनेकी थिइन् ।’ छोरीले माफी नमागेपछि उनीहरूले पुस ४ गते दिउँसो घरमै आएर कपाल तानेर लगेको सरस्वती बताउँछिन् । घरबाट तानेर करीब ५०० मिटर पर लगेपछि सबै मिलेर कुटपिट गरेको उनको भनाइ छ । उनीहरूले लाठी र खुट्टाले निर्घात कुटपिट गरेका छन् । पूजाका शरीर भरि नीलडाम छन् । मारिदिने भन्दै कोदालोले हिर्काउँदा उनी बेहोश भएको आमाले सुनाउँछिन् । पूजा बेहोश भएपछि बचाउन उनका भाइ आएका थिए । भाइलाई पनि कुटपट गरिएको छ । ‘साना नातिलाई पनि छोडेनन्, बोक्सीको सन्तानलाई सिध्याउनुपर्छ भन्दै लछारपछार गरे,’ सरस्वती भन्छिन् । पूजाका पाँच र दुई वर्षका दुई छोरा छन् । श्रीमान् रोजगारीका लागि भारतमा छन् । आर्थिक अवस्था कमजोर भएकाले बोक्सी भन्दै हेप्ने गरेको उनी सुनाउँछिन् । कुटपिट गर्दा प्रहरीलाई खबर गरेका थिए । दुई जना प्रहरी घटनास्थलमा पुगेका पनि थिए । तर उनीहरूले पनि सहयोग नगरेको आमा सरस्वती सुनाउँछिन् । कुटपिटको कारण पूजा अचेत भएपछि मात्रै छोडेका थिए । त्यसपछि बेलुका ५ बजे आफन्तजनले भजनी नगरपालिकाको स्वास्थ्य केन्द्रमा लगेका थिए । त्यहाँ उपचार हुन नसकेपछि धनगढी रिफर गरिएको थियो । अहिले धनगढीस्थित नवजीवन अस्पतालको सघन उपचार कक्ष (आइसीयू)मा उनको उपचार भइरहेको छ । उनको होश आए पनि अझै केही दिन अस्पतालमा राख्नुपर्ने उपचारमा संलग्न डा.विदुरमणि ढकाल बताउँछन् । ‘कुटपिटले मांसपेशीमा नराम्रोसँग असर परेको छ । रगतमा इन्फेक्शन भई मुटुमा असर पुग्न सक्ने भएकाले केही दिन निगरानीमा राख्नुपर्छ,’ डा.ढकाल भन्छन् । आर्थिक अवस्था कमजोर भएकाले उपचार गर्न समस्या भइरहेको पूजा दुखेसो गर्छिन् । आइसीयूमा रहेकी पूजाले सबै गाउँले मिलेर आफूलाई बाँच्नै अप्ठ्यारो पारेको बताउँछिन् । ‘मसँग उपचार गर्ने पैसा छैन । मेरो उपचारको जिम्मा कसले लिन्छ ?’ उनी भन्छिन्, ‘भलमन्सा लालबहादुर चौधरीले कुटपिट गर्न आदेश दिँदै बोक्सी हो, कुट भन्यो, त्यसपछि कुटपिट गर्न थाले । गाउँका मान्छे हेरर बसिरहे,’ पूजा सुनाउँछिन् । कुटपिट गर्नेलाई कारबाही हुनुपर्ने र आफूलाई गाउँमा बस्ने व्यवस्था गरिदिनुपर्ने उनको माग छ । उनीहरुलाई कारबाही नभएमा आफू गाउँमा बस्नै नसक्ने पूजा सुनाउँछिन् । ‘अब म त्यो समाजमा कसरी फर्कने ? शरीरमा लागेको घाउ त निको होला, समाजले गरेको तिरस्कार कसरी निको हुन्छ,’ उनी प्रश्न गर्छिन् । कुटपिटमा संलग्न ६ जनाविरुद्ध पूजाका परिवारजनले प्रहरीमा किटानी जाहेरी दिएका छन् । उनीहरूमध्ये चार जनालाई पक्राउ गरिसकिएको र दुई जनाको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलालीका प्रहरी उपरीक्षक (एसपी) पदमबहादुर विष्टले बताए । कुटपिटमा संलग्न रहेको आरोपमा लाहनु चौधरी, मनोज चौधरी, रूपा चौधरी र बाबुराम चौधरी पक्राउ परेका छन् । किटानी जाहेरी परेका जयराम चौधरी र करन चौधरीको खोजी भइरहेको एसपी विष्टको भनाइ छ । त्यस्तै, बोक्सी भनेर कुटपिट गर्न आदेश दिने भलमन्सालाई पनि कारबाही गरिने प्रहरीको भनाइ छ । भलमन्सा लालबहादुर चौधरीले कुटपिट गर्न आदेश दिएको पीडितको भनाइ छ । बोक्सीको आरोपमा कुटपिट गर्नेलाई कारबाही नहुँदा यस्तो घटना दोहोरिने गरेको पाइएको छ ।


# कर्णालीमा लागुपदार्थ दुर्व्यसनी न्यूनीकरण केन्द्र सञ्चालन गरिने

नमस्ते समचारदाता
सुर्खेत, पुष/०८

कर्णाली प्रदेशमा लागुपदार्थ दुर्व्यसनी न्यूनीकरणका लागि पूनर्स्थापन केन्द्र सञ्चालन गरिने भएको छ । प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले उक्त कुराको जानकारी गराएका हुन् । आइतबार वीरेन्द्रनगरमा आयोजित लागुपदार्थ दुर्व्यसनी, बालविवाह, बालश्रम, मानव बेचबिखन तथा ओसारपसार एवं लैङ्गिक हिंसाका घटना सम्बन्धी सामाजिक सवाल र सरोकारवालाहरूको आगामी कार्यदिशा सम्बन्धी प्रदेश स्तरीय कार्यशाला गोष्ठीमा बोल्दै भण्डारीले कर्णालीमा बढ्दो लागुपदार्थ सेवनकर्ताका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गरिने बताए । आइतबार वीरेन्द्रनगरमा आयोजित लागुपदार्थ दुर्व्यसनी, बालविवाह, बालश्रम, मानव बेचबिखन तथा ओसारपसार एवं लैङ्गिक हिंसाका घटना सम्बन्धी सामाजिक सवाल र सरोकार वालाहरूको आगामी कार्यदिशा सम्बन्धी प्रदेश स्तरीय कार्यशाला गोष्ठीमा बोल्दै भण्डारीले कर्णालीमा बढ्दो लागुपदार्थ सेवनकर्ताका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गरिने बताए ।

## १८ अर्ब...

सबैभन्दा न्यून पुँजीगत बजेट रहने यो मन्त्रालयले अहिलेसम्म ८ लाख २३ हजार ७२१ रुपैयाँ मात्रै कार्यान्वयन गरेको छ । जबकि यो मन्त्रालयलाई ४ करोड ४१ लाख ४० हजार पुँजीगत बजेट दिइएको छ । लेखा नियन्त्रकको कार्यालयका अनुसार प्रदेश सरकारको खातामा अझै पनि २७ अर्ब ९७ करोड ४६ लाख ६७ हजार २९२ रुपैयाँ मौज्दात छ । यो वर्ष विनियोजन भएको ३१ अर्ब ४१ करोड ४१ हजारमध्ये ३ अर्ब ४३ करोड ५३ लाख ७३ हजार ७०७ रुपैयाँ मात्रै खर्च भएको छ । चालुतर्फ २ अर्ब ३९ करोडभन्दा बढी रकम खर्च भएको छ । सरकारका प्रवक्ता विनोदकुमार शाह बजेट कार्यान्वयनको अवस्था चालु आर्थिक वर्षको अन्त्यमा विगतभन्दा सुधार हुने बताउँछन् । उनले भने, ‘मंसिरदेखि नै केही सुधारको सङ्केत देखिएको छ । हामीले कार्यान्वयनका लागि गर्नुपर्ने काम मसिनो तरिकाले गरिरहेका छौं । आर्थिक वर्षको अन्तिममा ८० प्रतिशतसम्म बजेट कार्यान्वयन हुन्छ ।’

# सहजताका लागि वडाबाटै सेवा




■ नमस्ते समचारदाता

सल्यान, पुष/०८

स्थानीय सरकारले समुदायमा सेवालाई सर्वसुलभ बनाउन नयाँ नयाँ अभ्यासको थालनी गरेका छन् । पालिकाले गाउँघरमै पुगेर सामाजिक सुरक्षाभत्ता वितरण, ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण, बिदाका दिन स्वास्थ्य संस्थाबाट सेवा प्रवाह, वडा र बस्तीमै पुगेर योजना सम्झौता जस्ता अभ्यास गर्न थालिएको छ। कपुरकोट गाउँपालिकाले गत वर्षदेखि वडाका बस्तीमै पुगेर योजना सम्झौता गर्दै आएको छ। सर्वसाधारणको सहजताका लागि तथा पालिकामा धाउनुपर्ने बाध्यताको अन्त्य गर्न गाउँपालिकाले वडाबाटै योजना सम्झौता सुरु गरेको कपुरकोट गाउँपालिकाले जनाएको छ। चालु आर्थिक वर्षमा वडाबाटै योजना सम्झौताको कार्यलाई निरन्तरता दिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरतकुमार ओलीले जानकारी दिनुभयो। उहाँका अनुसार आव २०८१/८२ मा सानाठुला गरी जम्मा ९७ वटा योजना रहेकोमा पाँच वटा पालिकाको आफ्नै मेसिनबाट सडक निर्माण गरिने भएको हो । २० वटा अमानतबाट, कार्यदेशबाट १७ वटा, उपभोक्ता समितिबाट ३३ वटा र विद्यालय व्यवस्थापन समितिबाट १२ वटा सम्झौता भई काम भइरहेको छ। अन्य १३ वटा योजनामा तत्काल सम्झौताको तयारी भएको छ। वडाबाटै योजना सम्झौता भएपछि कपुरकोट गाउँपालिका-२ का वडाध्यक्ष ईश्वर बुढाले उपभोक्तालाई पालिकासम्म पुग्नुपर्ने बाध्यताको अन्त्य भएको बताउनुभयो । यस्तै त्रिवेणी गाउँपालिका सल्यानले पनि वडाबाटै योजना सम्झौताको काम थालनी गरेको छ। चालु आवदेखि पालिकाले वडाबाटै सम्झौता सुरु गरेको हो । पालिकाले छ वटा वडामध्ये ४ र ५ मा सम्झौताको काम सकिएको छ भने अन्यमा सम्झौता प्रक्रियालाई अगाडि बढाएको छ। त्रिवेणी गाउँपालिकाका अध्यक्ष खिमबहादुर रावतले सेवाग्राहीले विगतमा विभिन्न किसिमका समस्या भोग्दै आएको र सानोतिनो योजनाका लागि पालिका आउनुपर्ने बाध्यताको अन्त्य गर्न वडाबाटै योजना सम्झौताको काम गरिएको बताउनुभयो। उहाँका अनुसार वडामै योजना सम्झौता गर्दा योजनाबारे लाभग्राहीमा अपनत्व र पारदर्शिता कायम हुने छ। शारदा नगरपालिका सल्यानले वडाबाटै सामाजिक सुरक्षाभत्ता वितरण गरेको छ। शारदा नगरपालिकाले १५ वटै वडा कार्यालयबाट सामाजिक सुरक्षाभत्ता वितरण गरिरहेको प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले जानकारी दिनुभयो। उहाँका अनुसार पालिकाभित्रका छ हजार १३० जना लाभग्राहीलाई सामाजिक सुरक्षाभत्ता वितरण भएको छ। शारदा नगरपालिकाका अधिकांश ज्येष्ठ नागरिक र अशक्तहरू वडामा बैङ्क नहुँदा सदरमुकाम तथा श्रीनगर बजार जानुपर्दा विभिन्न सास्ती भोग्दै आएका थिए। शारदा नगरपालिका-९, सुनचौरका ८३ वर्षीय हर्कबहादुर बस्नेतले झन्डै दुई घन्टा हिँडेर जिल्ला सदरमुकामस्थित बैङ्कमा आउनुपर्ने बाध्यता हटेको बताउनुभयो। घरबाट बैङ्कसम्म आउँदा करिब दुई घन्टा हिँड्नुपर्ने र भिडभाडका कारण बैङ्कमा लामो समय पालो कुर्नपर्ने बाध्यताको अहिले अन्त्य भएको छ। शारदा नगरपालिका-८, मार्के बरगाँकी ६० वर्षीय अपाङ्गता भएकी महिला कमला नेपालीले बैङ्कका कर्मचारी, वडाका कर्मचारी र सुरक्षाकर्मीको सहयोगमा वडाबाटै भत्ता पाउन थालेपछि सहज भएको बताउनुभयो।

# जमिनमुनिबाट सुन निकालिदिने भन्दै दुई करोड ठगी



■ नमस्ते समचारदाता

नेपालगन्ज, पुष/०८

जिल्ला प्रहरी कार्यालय बाँकेले जमिनमुनिबाट सुन निकालिदिने भनेर दुई करोड रुपियाँ ठगी गर्ने एक भारतीय नागरिकलाई पक्राउ गरेको छ। जमिनमुनि धेरै सुन देखिएकोले सो निकालिदिने भन्दै पटक-पटक गरी नेपालगन्ज १९ का नसिर अहमद बेहनाबाट दुई करोड ठगी गर्ने भारतको बलरामपुरस्थित सिंहपुरीका ४२ वर्षीय सदाबुद्दिन हलवाईलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता एवं डिएसपी आयुषप्रसाद जोशीले बताउनुभयो। उहाँका अनुसार नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर १९ मोहनपुर ईंटाभट्टा नजिकैको जमिनबाट सुन निकालिदिन्छु भनेर स्थानीय नसिर अहमद बेहनाबाट पटक-पटक गरी दुई करोड रुपियाँ हलवाईले ठगी गरेको उजुरीको आधारमा भारतीय नागरिकलाई पक्राउ गरिएको हो। भारतीय नागरिक हलवाईलाई नेपालगन्ज वडा नम्बर ४ स्थित बसपार्क नजिकैबाट नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता डिएसपी जोशीले जानकारी दिनुभयो। उहाँका अनुसार हलवाईलाई चार दिनको म्याद थप गरी अनुसन्धान सुरु गरिएको छ। पक्राउ परेका हलवाईबाट एक हजार ४९ वटा पहेँलो सिक्का, तिन वटा माटोको घैँटो, तीन वटा पितलको घैँटो, धातुले बनेको एउटा चेन, धातुले बनेको एउटा गणेशको मूर्ति, विभिन्न आकार प्रकारका ६०० भन्दा बढी पत्थर, तीन वटा धातुले बनेको डिब्बा, ताविजसहितको एक डिब्बा, उर्दू अक्षरमा लेखिएको किताब एउटा, भारतीय नम्बरको युपी ३२ पीपी ६११० नम्बरको कार र नेपाल तथा भारतीय बैङ्कका चेक तथा भौचरहरू बरामद भएको प्रहरीले जनाएको छ। जमिनमुनि सुनले भरिएको भाँडो गाडिएको देखिएको जनाउँदै विभिन्न व्यक्तिले सो निकालिदिने भन्दै ठगी गर्न सक्ने सम्भावना रहेकोले सचेत रहन सम्पूर्ण जिल्लावासीलाई जिल्ला प्रहरी कार्यालय बाँकेले आग्रह गरेको छ।

# हिउँदे वर्षा नहुँदा किसान चिन्तित



■ नमस्ते समचारदाता

जाजरकोट, पुष/०८

हिउँदे वर्षा नभएपछि किसानमा चिन्ता बढेको छ। हिउँदे बालीका लागि मङ्सिर र पुसको पहिलो सातासम्म पनि पानी नपरेपछि उनीहरू चिन्तित बनेका हुन् । गत वर्ष कात्तिक १७ गतेको भूकम्पबाट जनधनको क्षति बेहोरेका जाजरकोटका बासिन्दा हिउँदे वर्षा नहुँदा उत्पादन कम हुने चिन्तामा पिरोलिन थालेका छन् । गत वर्षको भूकम्पमा खेती लगाएको जमिनमा त्रिपाल र अस्थायी टहरा बनाएर बस्नु परेको थियो। खेती भित्र्याउन नपाएका सर्वसाधारण यस वर्ष हिउँदे बाली लगाएपछि पनि पुसको पहिलो हप्तासम्म पानी नपर्दा उत्पादन नहुने भन्दै कसरी जीविका चलाउने भन्नेमा छन् । भेरी नगरपालिका-१३ का भक्तबहादुर बटालाका अनुसार जाजरकोटका सात वटै पालिकामा आकासे पानीको भरमा खेती गरिन्छ। खेतबारीमा लगाएको हिउँदे बालीले पानी नपाउँदा सुक्न थालेको छ। सिँचाइ सुविधा नभएका भेरी नगरपालिकाभित्रका कुदु, जगतीपुर, भुर, पुन्मा, भेरे, भुरचौर, साल्टाकुरा, रिसाङ मैदे लगायतका गाउँबस्तीमा खानेपानीको समेत अभाव छ। त्यहाँका किसानले आकासे पानीको भरमा खेती लगाउने गरेका छन्। गत वर्षको हिउँदे खेती भूकम्पले बिगार्‍यो । यस वर्ष पानी नपरी खेतबारीमै सुक्छ कि भन्ने चिन्ता किसानमा परेको छ। कृषि पेसाबाट जीविकोपार्जन गरेका सर्व साधारण हिउँदे र बर्खे बाली बिग्रिन थालेपछि भारततिर जान बाध्य छन् । भेरी नगरपालिका-१२ का साउने लुहारले बर्खे खेतीले पनि समयमा पानी नपाएको र हिउँदे खेतीले पनि पानी नपाउँदा कृषि पेसाबाट जीवन निर्वाह गर्न कठिन हुने बताउनुभयो। खडेरीका कारण बर्खे तथा हिउँदे बालीको उत्पादन तथा उत्पादकत्वमा कमी आउन थालेपछि रोजगारीका लागि भारत जानुपर्ने बाध्यता छ। भूकम्पले ढलेका घर बनाउन सकिएको छैन। जस्ताको छानामुनि ज्याला मजदुरीबाट ल्याएको मानोले छाक टरेको छ। माघ महिनासम्म पनि आकाशबाट पानी नपरे खाद्य सङ्कट हुन सक्ने खतरा रहेको स्थानीयको भनाइ छ। केही वर्षअघिसम्म खेतीपाती राम्रो हुन्थ्यो र काम गर्ने जाँगर चल्थ्यो। अहिले मौसम परिवर्तन हुँदै गएपछि खडेरीका कारण जमिनको उर्वराशक्ति कम हुँदै गएको लुहारले बताउनुभयो। खेतीयोग्य जमिनको उत्पादन तथा उत्पादकत्वमा कमी आउन थालेपछि कृषि पेसाप्रति किसानको रुचिमा कमी देखिन थालेको छ। खेतबारीमा लगाएको बालीले समयमै पानी र मल नपाउँदा किसानले खेतीयोग्य जमिन बाँझो छोड्दै आएका छन्।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

खार्पुनाथ गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

महावै गाउँपालिका
कालिकोट

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके